# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६


प.सं.:
च.नं.:

मितिः ..................................

नयाँवर्ष २०७९ सालको उपलक्ष्यमा सुख-सम्बृद्धि, शु-स्वास्थ्य, दीर्घायुको कामना सहित देश विदेशमा रहनुहुने सवै नगरवासी महानुभाबहरुमा हार्दिक मंङ्गलमय शुभ-कामना व्यक्त गर्दछु।

२०७८ सालका अधिकांस समय कोभिड महामारीले पिरोलिएको अवस्थाबाट छुटकारा पाएका हामीले यस्ता विभिन्न अवस्थाका महामारी र संकटबाट मुक्ति पाउन आगामी दिनहरुमा समेत समयमा नै सतर्कता अपनाईदिनुहुन निम्न अनुरोध सहित सम्पूर्ण देवचुली नगरवासी महानुभावहरुमा नगर प्रमुखको तर्फबाट हार्दिक अपिल गर्दछु।

- आर्थिक अवस्थाको सन्तुलनका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न समाग्री लगायत अन्य उपभोग्य सामाग्रीहरुको खरिदमा मितव्ययिता अपनाइ आयातित माल सामानहरुको प्रयोगमा सचेत बनौं।
- समुदायका दु:खी, गरीव, रोगी, अपांङगता भएका तथा हिंसापिडित व्यक्तिहरुलाई आपसी सद्‌भव राखी सहयोग र सम्मान गरौं।
- बजारमा सामान खरिद-विक्रिका बखत भिडभाड हुन नदिने व्यवस्था मिलाई म्याद गुज्रेका सामानहरु बिक्रि-वितरण नगरी मुल्य बृद्धि समेतको आशंका निवारण गर्न मालसामानको मुल्यसूचि राख्ने व्यवस्था गरौं।
- आ-आफ्नो घर वरपर सरसफाइ गरी सुन्दर नगरको परिकल्पना साकार पारौं।
- भौतिक संरचना निर्माण गर्दा नक्सा पास गरेर मात्र उक्त कार्यको थालनी गरौं, व्यवसाय दर्ता गरेरमात्र संचालन गरौं, एक प्रकृतिको व्यवसायको इजाजत लिइ अर्को प्रकृतिको व्यवसाय संचालन नगरौं।
- कालोपत्रे सडकका अधिकांश स्थानमा निर्माण सामाग्रीहरु राख्ने गरेको देखिएकोले उक्त कार्यबाट सवारी दुर्घटना हुन सक्ने हुंदा सम्भावित जोखिमबाट बचौं र कालोपत्रे सडकको संरक्षण गरौं।

राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरु,टोलसुधार समितिका पदाधिकारीहरु, दाजुभाइ, दिदी-वहिनीहरु शिक्षक शिक्षिका लगायत सवै विद्यार्थी भाइबहिनीहरु आ-आफ्नो स्थानबाट सभ्य नागरिकको कर्तव्य पालना गरी नगरको गौरब बढाउन योगदान दिउँ।

३० चैत्र, २०७८

(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख


इमेलः devchulimunicipality@gmail.com